# हरिनास गाउँपालिका गाउँ कार्यपालिकाको ४३औं कार्यपालिका बैठक

मितिः- २०८३/०३/०५
समयः-११:०० बजे
स्थानः- हरिनास गाउँपालिकाको बैठक कक्ष

आज मिति २०८३/०३/०५ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धरज्यूको अध्यक्षतामा निम्नानुसार गाउँ कार्यपालिका सदस्यज्यूहरूको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरू गरियो।

तपसिल

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| २ | श्री इन्द्र कुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री इन्द्र बहादुर गुरूङ | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री चित्र बहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सन्त बहादुर थापा | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री दिल बहादुर राना | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भरत थापा | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| ११ | श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| १२ | श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| १४ | श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री डोल वहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री नि.प्र.प्र.अ राजिव सुवर्णकार | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | श्री विदुर सिग्देल | अधिकृत छैठौं | |
| २ | श्री नोल बहादुर थापा | प्रशासन अधिकृत | |
| ३ | श्री मिलन अधिकारी | सूचना प्रविधि अधिकृत | |
| ४ | श्री पर्शुराम सिग्देल | अध्यक्षज्यूको स्वकीय सचिव | |
| ५ | ईश्वर प्रसाद पौडेल | | |

खिम नारायण मानन्धर
अध्यक्ष

# हरिनास गाउँपालिकाको ४३ औ कार्यपलिका बैठक

मिति २०८३/३/५
स्थान :हरिनास गाउँपालिकाको बैठक कक्ष
समय:११ बजे

हरिनास गाउँपालिका, स्याङजाको मिति २०८२/०३/०५ को ४३ औं कार्यपालिका वैठक

एजेण्डाहरु

१. नीति तथा कार्यक्रम सम्बन्धमा
२. विनियोजन ऐन सम्बन्धमा
३. आर्थिक ऐन सम्बन्धमा
४. बजेट तथा कार्यक्रम सम्बन्धमा-संलग्न अनुसूचि
५. योजना बैंक सम्बन्धमा
६. शाखागत प्रगती विवरण पारित सम्बन्धमा
७. न्यायिक समितिको प्रगति प्रतिवेदन
८. लेखा समितिको प्रतिवेदन सम्बन्धमा
९. राजश्व परामर्श समितिको प्रतिवेदन
१०. गैरवका आयोजना छनोट सम्बन्धमा —क) पन्द्र शैया अस्पताल ख पालिका प्रशासकीय भवन निर्माण
११. प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धि कार्यविधि संशोधन सम्वन्ध
१२. हरिनास गाउँपालिकाको कार्यालय कर्मचारी संगठन संरचना एवं दरबन्दी सूर्जना २०७९ लाई संसोधन
१३. पन्ध्र शैया अस्पताल निर्माण सम्बन्धमा
१४. आ.व ०८२/०८३ को योजनाहरुको फरफारक सम्बन्धमा
१५. वेरुजु फछ्यौट सम्बन्धमा आ.व ०७४/७५देखी २०८१/८२ सम्म
१६. मेड्प्पा कार्यक्रम सम्बन्धमा
१७. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा
१८. एक गाउँ एक प्राविधिक राख्ने सम्बन्धमा — ४० प्रतिशत, संघ ६० प्रतिशत स्थानीय तह
१९. सुचना प्रविधि अधिकृत सम्बन्धमा
२०. स्थानीय कर्मचारीको पद दर्ता सम्बन्धमा
२१. सरकारी तथा गैरसरकारी संघ संस्थाको कार्यक्रम तथा बजेट अनुमोदन तथा स्वीकृत सम्बन्धमा
२२. LGPAS को नतिजा समिक्षा सम्बन्धमा

खिम नारायण मानन्धर
अध्यक्ष

# हरिनास गाउँपालिकाको ४३ औ कार्यापलिका बैठक

मिति २०८३/३/५

स्थान :हरिनास गाउँपालिकाको बैठक कक्ष

समय:११ बजे

२३. स्वास्थ्य संस्थाका स्वंयसेवीकाहरुको थप भत्ता सम्बन्धमा

२४. सामी कार्यक्रम सम्बन्धमा ५० प्रतिशत तलव भत्ता थप

२५. मध्यमकालिन खर्च संरचना २०८२/०८३-२०८४/८५ सम्बन्धमा

२६. पालिका स्तरीय सडक सञ्जालको DPR भुक्तानी सम्बन्धमा

२७. सडक बोर्ड नेपालको कार्यक्रम बारे निरन्तरता दिने सम्बन्धमा

२८. हरिनास दग्दी मोटरवा वाटो सम्बन्धमा (पार्ट २,३ र ४ सम्बन्धमा )

२९. वडा न.२ को पुरानो वडा कार्यालय भत्काउने सम्बन्धमा

३०. अवकाश प्राप्त कर्मचारी को सेवा सुबिधा सम्बन्धमा

३१. करार कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा अवाद्द्ता गराउने सम्बन्धमा ।

३२. जनता संग अध्यक्ष कार्यक्रमको सम्झौता ,भुक्तानी अनुमोदन सम्बन्धमा

३३. थप सुबिधा सम्बन्धमा

३४. करार करार कर्मचारीको म्याद थप सम्बन्धमा ।

३५. अन्य विविध सम्बन्धमा

खिम नारायण मानन्धर
अध्यक्ष

# हरिनास गाउँपालिकाको ४३ औ कार्यापलिका बैठक

मिति २०८३/३/५

स्थान :हरिनास गाउँपालिकाको बैठक कक्ष

समयः११ बजे

कार्यपालिकाका निर्णय

१. नीति तथा कार्यक्रम सम्वन्धमा।

प्रस्ताव नं.१. माथि छलफल गर्दा आगामी आ.व.२०८३/८४को नीति तथा कार्यक्रम कार्यपालिकाको बैठकबाट सर्वसहमतीका साथ पारित गरियो।

२. विनियोजन ऐन सम्वन्धमा।

प्रस्ताव नं.२. माथि छलफल गर्दा आगामी आ.व. २०८३/८४ को विनियोजन ऐन कार्यापालिकाको बैठकबाट सर्वसहमतिका साथ पारित गरियो।

३. आर्थिक ऐन सम्वन्धमा।

प्रस्ताव नं.३. माथि छलफल गर्दा आगामी आ.व. २०८३/८४ को आर्थिक ऐन कार्यपालिकाको बैठकबाट सर्वसहमतिले पारित गरियो।

४. बजेट तथा कार्यक्रम सम्वन्धमा।

प्रस्ताव नं.४. माथि छलफल गर्दा आगामी आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको बजेट तथा कार्यक्रमलाई पारित गरी गाउँ सभा पेश गर्ने निर्णय गरियो।

५. योजना बैङ्क सम्वन्धमा।

प्रस्ताव नं.५. माथि छलफल गर्दा आगामी वर्षको बजेटलाई कार्यान्वयन योग्य बनाउन स्थापित योजना बैंकमा प्राथमिकताक्रमका आधारमा योजनाहरुको प्राथमिकीकरण गरि बजेट बिनियोजन गर्ने निर्णय गरियो।

६. शाखागत प्रगति विवरण पारित सम्वन्धमा।

प्रस्ताव नं.६. माथि छलफल गर्दा पेश हुन आएका सबै शाखागत प्रगति प्रतिवेदनहरु पारित गर्ने निर्णय गरियो।

७. न्यायिक समितिको प्रगति प्रतिवेदन सम्वन्धमा।

प्रस्ताव नं.७ माथि छलफल गर्दा न्यायिक समितिको प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

खिम नारायण मानन्धर

अध्यक्ष

# हरिनास गाउँपालिकाको ४३ औ कार्यापलिका बैठक

मिति २०८३/३/५
स्थान :हरिनास गाउँपालिकाको बैठक कक्ष
समय:११ बजे

८. लेखा समितिको प्रतिवेदन सम्वन्धमा।

प्रस्ताव नं.८. माथि छलफल गर्दा लेखा समितिको प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

९. राजस्व परामर्श समितिको प्रतिवेदन सम्वन्धमा।

प्रस्ताव नं.९. माथि छलफल गर्दा राजस्व परामर्श समितिले पेश गर्नु भएको प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

१०. गौरबका आयोजना छनौट सम्वन्धमा।

प्रस्ताव नं.१०. माथि छलफल गर्दा आगामी आ.व.२०८३/०८४ मा देहायका योजनाहरु गौरबका आयोजनाहरुमा समावेश गरि बजेट विनियोजन गर्ने निर्णय गरियो।

क.चिसापानी आधारभूत अस्पताल

ख. पालिका प्रशासकीय भवन

११. प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धि कार्यविधि संशोधन गर्ने सम्वन्ध

प्रस्ताव न.११ माथी छलफल गर्दा हरिनास गाउँपालिकाको कानुन तर्जुमा तथा सुझाव समितिबाट यस कार्यपालिका समक्ष पेश हुनआएका निम्न उल्लेखित कार्यविधिलाई संशोधन सहित पारित गर्ने ।

तपसिल

क . कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धीकार्यविधि-२०८० मा देहाय बमोजिम संशोधन गर्ने

१.कार्यविधिको परिच्छेद १ को नियाम २ मा अधिकृत स्तरको शाखा प्रमुख(शिक्षा ,कृषि, स्वास्थ्य र पशु सेवा) भन्ने शव्द थप गर्ने,

२. कार्यविधिको परिच्छेद ३ को नियाम २ मा आन्तरिक आम्दानि कन्टेनजेन्सी भन्ने शब्द थप गर्ने

३. कार्यविधि को परिच्छेद ४ को नियाम ६ मा अधिकृत स्तरको शाखा प्रमुख(शिक्षा ,कृषि, स्वास्थ्य र पशु सेवा) लाई शुरु तलव स्केलको ६५ प्रतिशत भन्ने शब्द थप गर्ने

खिम नारायण मानन्धर
अध्यक्ष

# हरिनास गाउँपालिकाको ४३ औ कार्यापलिका बैठक

मिति २०८३/३/५
स्थान :हरिनास गाउँपालिकाको बैठक कक्ष
समय:११ बजे

४. कार्यविधिको परिच्छेद ४ मा अनुसूची १ भर्नेमा अधिकृत स्तरको शाखा प्रमुख(शिक्षा ,कृषि, स्वास्थ्य र पशु सेवा भन्ने शब्द थप गर्ने

१२.हरिनास गाउँपालिकाको कार्यालय कर्मचारी संगठन संरचना एवं दरबन्दी सूजना २०७९ लाई संसोधन

प्रस्ताव नं.१२. माथि छलफल गर्दा हरिनास गाउँपालिकाको कार्यालय कर्मचारी संगठन संरचना एवं दरबन्दी सूजना २०७९मा दरवन्दी तेरिजलाई संशोधन गर्ने निर्णय गरियो

१३. पन्ध्र सैयाको अस्पताल निर्माण सम्वन्धमा।

प्रस्ताव नं.१३. माथि छलफल गर्दा चिसापानीमा निर्माण को क्रममा रहेको १५ सैयाको अस्पताल निर्माण कार्यालाई निरन्तरता दिदै त्यसको निर्माण कार्यमा अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने निर्णय गरियो।साथै अस्पताल संचालनको लागि आवश्यक पर्ने देहायको जनशक्ति को अस्थायी दरवन्दी श्रजना गरि अस्पताल संचालन आगामी आव २०८३/४/१ देखी संचालन गर्ने र सो को लागि आवश्यक बजेट बिनियोजन गर्ने

१४. आ.व.२०८२/८३ मा सम्पन्न भएका योजनाहरुको फरफारख सम्बन्धमा

प्रस्ताव नं.१४ माथि छलफल गर्दा आ.व.२०८२/८३ मा सम्पन्न भएका योजनाहरुको फरफारख गर्ने निर्णय गरियो।

१५. आ. व. ०७४/७५देखी २०८१/८२ बेरुजु फछ्यौंट सम्बन्धमा

प्रस्ताव नं.१५ माथि छलफल गर्दा आ. व. ०७४/७५देखी २०८१/८२ सम्मको बेरुजु लेखा समितिको सिफारिस बमोजिम आवश्यक कागजात प्रमाण मिलाई फछ्यौंटको लागि महालेखापरीक्षकको कार्यालयबाट डोरमा खटिने टोलि समक्ष पेश गर्ने निर्णय गरियो।

१६. मेड्प्पा कार्यक्रम सम्बन्धमा

प्रस्ताव नं.१६ माथि छलफल गर्दा आव २०८३/८४ को लागि मेड्पा कार्यक्रमको लागि अनुदान प्राप्त भएको र आवश्यक रकम साझेदारी सहित आयोजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

खिम नारायण मानन्धर
अध्यक्ष

# हरिनास गाउँपालिकाको ४३ औ कार्यापलिका बैठक

मिति २०८३/३/५
स्थान :हरिनास गाउँपालिकाको बैठक कक्ष
समय:११ बजे

१७. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा

प्रस्ताव नं.१७ माथि छलफल गर्दा आव २०८३/८४ को लागि प्रधान मन्त्रि रोजगार कार्यक्रमको लागि अनुदान प्राप्त भएको र आवश्यक रकम(५०%)साझेदारी सहित आयोजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

१८. एक गाउँ एक प्राविधिक राख्ने सम्बन्धमा ४० प्रतिशत, संघ ६० प्रतिशत स्थानीय तह

प्रस्ताव नं. १८ माथी छलफल गर्दा यस पालिकामा चालु आवमा विगत वर्ष देखी कार्यरत संघीय शसर्त अनुदान अन्तरगत एक गाउँ एक प्राविधिक अन्तर्गत कार्यरत कर्मचारीको तलव भत्तामा स्थानीय तहको तर्फबाट लागत साझेदारी गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने र कार्यक्रमलाई निरन्तरता दिने ।

१९. सुचना प्रविधि अधिकृतको सम्बन्धमा

प्रस्ताव नं.१९ माथी छलफल गर्दा स्थानीय तथा प्रदेश सुशासन सहयोग कार्यक्रम अन्तर्गत यस पालिकामा कार्यरत सुचना प्रविधि अधिकृतको पालिकाको तर्फबाट गर्नु पर्ने लागत साझेदारी गर्ने र आवश्यक रकम व्यवस्थापन गर्ने र स्थानीय तहको तर्फबाट लागत साझेदारी गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने र कार्यक्रमलाई निरन्तरता दिने ।

२०. स्थानीय कर्मचारीको पद दर्ता/नवीकरण सम्बन्धमा

प्रस्ताव नं.२० माथी छलफल गर्दा यस पालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीको प्रदेश निजामती कितावाखानामा पद गर्दा हाल सम्म नभएको हुँदा उक्त कार्य तत्काल गर्ने र गाउँ पालिकाको संगठन तथा व्यवस्थान सर्वेक्षण अनुसार सो कार्य आगाडी बढाउने ।

२१. सरकारी तथा गैरसरकारी संघ संस्थाको बजेट अनुमोदन तथा स्वीकृत सम्बन्धमा

प्रस्ताव नं.२१ माथी छलफल गर्दा यस पालिकामा संचालन हुने गरि सरकारी तथा गैरसरकारी संघ संस्थाको कार्यक्रम तथा बजेट अनुमोदनको लागि गाउँ सभामा पेश गर्ने ।

खिम नारायण मानन्धर
अध्यक्ष

# हरिनास गाउँपालिकाको ४३ औ कार्यापलिका बैठक

मिति २०८३/३/५
स्थान :हरिनास गाउँपालिकाको बैठक कक्ष
समय:११ बजे

२२. LGPAS को नतिजा समिक्षा सम्बन्धमा

प्रस्ताव न.२२ माथी छलफल गर्दा यस पालिकाको आव २०८१/८२ को Lgpas को नतिजालाई अनुमोदनको लागि १९ औं गाउँ सभा समक्ष पेश गर्ने

२३. स्वास्थ्य संस्थाका स्वंयसेवीकाहरुको थप प्रोत्साहान भत्ता सम्बन्धमा

प्रस्ताव न.२३ माथी छलफल गर्दा यस पालिकाको आव २०८३/८४ मा महिला स्वास्थ्य स्वयम् सेविकाको यातायात खर्चमा पालिकाको तर्फबाट मासिक रु १०००एक हजारका दरले थप गर्ने

२४. सामी कार्यक्रम सम्बन्धमा ५० प्रतिशत तलव भत्ता थप

प्रस्ताव न.२४ माथी छलफल गर्दा यस पालिकाको आव २०८३/८४ मा सुरक्षित आप्रवासन कार्यक्रमको लागि कार्यरत कर्मचारीको तलव भत्तामा आवश्यक लागत साझेदारीको लागि आवश्यक रकम बिनियोजन गर्ने र गाउँ सभा समक्ष रकम विनियोजनको लागि सिफारिस गर्ने

२५. मध्यकालीन खर्च संरचना सम्बन्धमा

प्रस्ताव न.२५ माथी छलफल गर्दा यस पालिकाको आव २०८३/८४ को मध्यकालिन खर्च संरचनालाई स्वीकृत गरि अनुमोदनका लागि गाउँसभा समक्ष पेश गर्ने

२६. पालिका स्तरीय सडक संजालको DPR वापतको रकम भुक्तानी सम्बन्धमा

प्रस्ताव न.२६ माथी छलफल गर्दा यस पालिकाको आव २०८२/८३ मा सडक संजालको विस्तृत परियोजना प्रतिबेदन DPR को रकम भुक्तानी गर्ने

२७. सडक बोर्ड नेपालको कार्यक्रम बारे निरन्तरता दिने सम्बन्धमा

प्रस्ताव न.२७ माथी छलफल गर्दा यस पालिकाको आव २०८३/८४ मा सडक बोर्ड नेपालबाट योजना तथा कार्यक्रम स्वीकृतिको लागि सभा समक्ष सिफारिस गर्ने र पालिकाको तर्फबाट लागत साझेदारी गर्ने

२८. हरिनास दग्दी मोटरवाटो पार्ट २,३ ४ सम्बन्धमा

प्रस्ताव न.२८ माथी छलफल गर्दा यस पालिकाको आव २०८२/८३ मा हरिनास दग्दी मोटरवाटो पार्ट २,३ ४ को लागि नपुग रकम जनता संग अध्यक्ष कार्यक्रमबाट रकमान्तर गरि भुक्तानी गर्ने

२९. वडा २ स्थित पुरानो वडा कार्यालय भत्काउने सम्बन्धमा

खेम नारायण मानन्धर
अध्यक्ष

# हरिनास गाउँपालिकाको ४३ औ कार्यपलिका बैठक

मिति २०८३/३/५

स्थान :हरिनास गाउँपालिकाको बैठक कक्ष

समयः११ बजे

प्रस्ताव न.२९ माथी छलफल गर्दा यस पालिका वडा २ को साविक कार्यालयको पुरानो भवन जोखिम पूर्ण भएको हुँदा सो भवनलाई प्राविधिक प्रतिबेदनका आधारमा भत्काउने

३०. अवकाश प्राप्त कर्मचारीको सुविधा सम्बन्धमा

प्रस्ताव न.३० माथी छलफल गर्दा यस पालिकामा कार्यरत रही अवकाष हुनु भएका कर्मचारीको अवकाश पछिको सेवा सुबिधाको सम्बन्धमा गण्डकी प्रदेशको स्थानीय सेवाको शर्त सम्बन्धी कानुन बमोजिम एकिन गरी रकम प्रदान गर्ने

३१. कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा अवाद्ता सम्बन्धमा |

प्रस्ताव न.३१ माथी छलफल गर्दा यस पालिकामा कार्यरत कर्मचारीहरु, शिक्षक विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीलाई नेपाल सरकारको निर्णय बमोजिम सबै करार सेवामा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्दताको लागि अनुरोध भएकोमा सोही बमोजिम कार्य आगाडी बढाउँन आगामी बजेटमा व्यवस्था गरि आवश्यक कार्यविधि तय गरि अगाडी बढाउने

३२. जनता संग अध्यक्ष कार्यक्रमको सँझौता ,भुक्तानी अनुमोदन सम्बन्धमा

प्रस्ताव न ३२ माथी छलफल गर्दा यस पालिकामा आव २०८२/८३ मा संचालन भएका विभिन्न योजना ,विपद ,संघ संस्था समुहलाई अध्यक्ष को तोक आदेश बमोजिम तथा प्राविधिक लागत अनुमान एवम मूल्यांकनका आधारमा सम्झौता भइ सम्पन्न भएका योजना तथा कार्यक्रम हरुको खर्च अनुमोदन गर्ने

३३. थप सुविधा सम्बन्धमा

प्रस्ताव न ३३ माथी छलफल गर्दा यस पालिकाको आव २०८३/८४को १९ औ अधिबेशन को लागि आवश्यक तयारी तथा थप समय कार्य गर्नु परेको हुँदा देहाय बमोजिमका कर्मचारीलाई एक महिना वरावरको थप सुबिधा उपलब्ध गराउने

१.श्री राजीव सुवर्णकार प्रमुख प्रशासकीय अधिकृत

२.श्री हरिप्रसाद गैह्रे कृषि अधिकृत

३.श्री विदुर सिग्देल अधिकृत छैटौ

४.श्री नोल बहादुर थापा अधिकृत छैटौ

५.श्री कृष्ण प्रसाद पौडेल सहायक लेखा अधिकृत

खिम नारायण मानन्धर
अध्यक्ष

# हरिनास गाउँपालिकाको ४३ औ कार्यापलिका बैठक

मिति २०८३/३/५
स्थान :हरिनास गाउँपालिकाको बैठक कक्ष
समय:११ बजे

६.श्री विनिता पौडेल सिनियर सव इन्जिनियर
७.श्री मिलन अधिकारी सुचना प्रविधि अधिकृत

३४. करार कर्मचारीको म्याद थप सम्बन्धमा

प्रस्ताव न.३३ माथी छलफल गर्दा यस पालिकामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादनको आधारमा देहाय बमोजिमका कर्मचारीको करार म्याद थप आगामी पौष मसान्त सम्मको लागि थप गर्ने र आगामी श्रावन १ २०८३ देखि नेपाल सरकारले आव २०८३/८४ को बजेटमा व्यवस्था गरे बमोजिम नै १० % तलव भत्ता ११ % प्रोत्साहान भत्ता र महगी भत्तारु ५००० समेतको सुबिधा सहित करार सम्झौता गर्ने गरि निर्णय गरियो ।

कार्यरत कर्मचारीको विवरण

| क्र.स | नामथर | पद |
|---|---|---|
| १ | मिलन अधिकारी | सूचना प्रविधि अधिकृत |
| २ | शिवानी पोखेल | पोषण संयोजक |
| ३ | चेतमाया राना | मनोसामाजिक परामर्श कर्ता |
| ४ | एलान मानन्धर | वित्तिय साक्षर कर्ता |
| ५ | केदार गैह्रे | खा.पा.स.टे. |
| ६ | अरुणा थापा | उघम विकास सहजकर्ता |
| ७ | एकेन्द्र राना मगर | अमिन |
| ८ | बुद्धिसरा भुजेल | MIS फिल्ड सहायक |
| ९ | उपेन्द्र बहोरा | बैद्य |
| १० | ऐलिना मानन्धर | कार्यालय सहयोगी |
| ११ | नितेश कुमार ठाकुर | असिस्टेन सव ईन्जिनियर |
| १२ | कुलमान थापा | गाउँ प्रहरी सहायक निरिक्षक |
| १३ | उर्मिला थापा | गाउँ प्रहरी जवान |

खिम नारायण मानन्धर
अध्यक्ष

# हरिनास गाउँपालिकाको ४३ औ कार्यापलिका बैठक

मिति २०८३/३/५
स्थान :हरिनास गाउँपालिकाको बैठक कक्ष
समयः११ बजे

| | | |
|---|---|---|
| १४ | अमर नेपाली | ट्याक्ट्रर चालक |
| १५ | सुमन मानन्धर | ट्याक्ट्रर चालक |
| १६ | जौ माया राना | कार्यालय सहयोगी |
| १७ | झलक सुवेदी | ना.प.स्वा.प्रा. |
| १८ | सरोज भक्त शर्मा | ना.प.स्वा.प्रा. |
| १९ | पुष्पा कुमारी राना | कार्यालय सहयोगी |
| २० | बविता राना | कार्यालय सहयोगी |
| २१ | संगिता राना | कार्यालय सहयोगी |
| २२ | विष्नु थापा | कार्यालय सहयोगी |
| २३ | जुना देवी मानन्धर | कार्यालय सहयोगी |
| २४ | पुष्पा कुमारी मानन्धर | कार्यालय सहयोगी |
| २५ | मनिषा खातुन मिया | कार्यालय सहयोगी |
| २६ | सरस्वती भट्टराई सिग्देल | अ.न.मी.सा. चौथो |
| २७ | सफल राना | अ.न.मी.सा. चौथो |
| २८ | लक्ष्मी सिंजाली आले | अ.हे.ब.सा.चौथो |
| २९ | निलम थापा | अ.न.मी.सा. चौथो |
| ३० | रोस्मी रुचाल | अ.न.मी.सा. चौथो |
| ३१ | निशा साही | अ.न.मी.सा. चौथो |
| ३२ | समझना राना | अ.हे.ब.चौथो |
| ३३ | कुशुम थापा | ल्याव.असिष्टेन्ट.चौथो |
| ३४ | करुणा पौडेल | ल्याव.असिष्टेन्ट.चौथो |
| ३५ | हरी प्रसाद लम्साल | अ.हे.ब. चौथो |
| ३६ | चन्द्रा खाण ठकुरी | ल्याव.असिष्टेन्ट.चौथो |

खिम नारायण मानन्धर
अध्यक्ष

# हरिनास गाउँपालिकाको ४३ औ कार्यापलिका बैठक

मिति २०८३/३/५

स्थान :हरिनास गाउँपालिकाको बैठक कक्ष

समय:११ बजे

| | | |
|---|---|---|
| ३७ | धना थापा | अ.न.मी.सा. चौथो |
| ३८ | एक बहादुर राना | कार्यालय सहयोगी |
| ३९ | चिरनजिवि पराजुली | कार्यालय सहयोगी |

३५. १, विविध विद्यालयको लेखा परिक्षण सम्बन्धमा

प्रस्ताव न.३५ .१ माथी छलफल गर्दा यस पालिकामा अन्तर्गतका सार्वजनिक विद्यालयको लेखा परिक्षण वापत संघीय सरकार द्वारा अनुदान रकम यस आव २०८२/८३ का लागि प्रावि तहका लागि रु १०००० दश हजार र माध्यमिक तहका लागि रु १५००० पन्ध्र हजार अनुदान प्राप्त भएकोले सोही दायरा भित्र रही विद्यालयको लेखा परिक्षण सम्पन्न गर्ने निर्णय गरियो।

खिम नारायण मानन्धर
अध्यक्ष